CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #६४

०८।६।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमको लागत सहभागिता प्रारुप

| मन्त्रालयसँग साझेदारी गर्ने निकाय | व्यहोर्नु पर्ने लागत बजेट (प्रतिशतमा) | साझेदारीमा सञ्चालन गरिने कार्यक्रमको लागत अनुमान रकम |
|---|---|---|
| प्रदेश | ५०% | ३० करोड |
| महानगरपालिका | ५०% | १५ करोड |
| उप-महानगरपालिका | ४०% | १० करोड |
| नगरपालिका | ३५% | ७ करोड |
| गाउँपालिका | ३०% | ५ करोड |

*तुलनात्मक रुपमा न्यून आय भएका, मानव विकास सूचकांकमा ०.५ अंक भन्दा पछाडी रहेका जिल्लाका गाउँपालिका वा नगरपालिकालाई मन्त्रालयले थप पाँच प्रतिशत रकम वयहोर्ने गरी बजेट उपलब्ध गराउने भनेको छ । विस्तृत विवरण तलको लिंकमा दिईएको छ ।*

स्रोत: http://202.45.145.166/Home/DownloadKaryaBidhi

## नेपाल अपडेट



चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं १ स्थित आनन्द माध्यमिक विद्यालयमा विद्यालय सुचारु भएको पहिलो दिन सोमबार अध्यापन गराउँदै शिक्षक ।

तस्बिर: चिनबहादुर थामीमगर


**परिक्षण**

पिसिआर परिक्षण: ९,५५,९२३

पोजेटिभ: ६९,३०१

उपचाररत: १८,४३७

मृत्यु : ४५३




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



विदेशमा रहेका नेपालीहरुले आफ्नो कमाई मोवाइलबाट नै नेपाल पठाउन सक्ने व्यवस्था आएको छ रे, हो ?

वैदेशिक रोजगारीमा रहेका नेपालीले मोबाइलबाटै आफूले कमाएको रकम आफन्तलाई पठाउन सक्ने व्यवस्था कार्यान्वयनमा आएको छ । नेपाल राष्ट्र बैंकले मोबाइल मार्फत नै आफूले कमाएको पैसा पठाउन सक्ने व्यवस्था गरेको छ । यो व्यवस्था लागु भएपछि अब पैसा हराउने र समयमा प्राप्त नहुने जस्ता समस्याको समाधानहुने भएको छ । केन्द्रीय बैंकले मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, इलेक्ट्रोनिक कार्ड र डिजिटल वालेटमार्फत् रेमिट्यान्स पठाउन मिल्ने नयाँ व्यवस्था गरेको छ । विद्यमान व्यवस्था अनुसार विप्रेषण रकम बैंकिङ प्रणाली वा विप्रेषण सेवा प्रदायक कम्पनीले मात्रै पठाउँदै आएका थिए । नयाँ व्यवस्था पछि मोबाइलबाटै सहज रुपमा पैसा पठाउन सकिने भएको हो ।

स्रोत: https://www.nrb.org.np/contents/uploads/2020/09/Digital-Remittance.2077-06-05.pdf



एक हप्ता भित्र विद्यार्थी भर्ना गरिसक्नुपर्ने समाचार आईरहेको छ । आफु पढिरहेको विद्यालय भन्दा टाढा धेरै विद्यार्थी छन । उनिहरुलाई त सम्भव छैन नी ?

बसाई स्थानान्तरण भएका तथा विद्यालय परिवर्तन गर्ने विद्यार्थीका अभिभावकले नजिकैको विद्यालयमा सम्पर्क गर्ने र कुनै समस्या भएमा सम्बन्धित स्थानीय तहलाई जानकारी गराउन भनिएको छ । त्यसरी स्थानान्तरण भएका विद्यार्थी लगायत सबै विद्यार्थीले पाठ्यपुस्तक पाउने कुराको सुकिश्चितता विद्यालय र सम्बन्धित स्थानीय तहले गर्नेछ । त्यती भईसकेपछी असोजको दोस्रो हप्ता सम्म विद्यालयमा भर्ना हुन बाँकी र स्थानान्तरीत विद्यार्थीलाई भर्ना गर्नु भनेर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ जारी गरेको छ ।

स्रोत: https://cutt.ly/ZfCx07B



कोरोनाको कारण देखाउँदै विभिन्न रोजगारदाता कम्पनीले कर्मचारी कटौती सँगै अब पारिश्रमिक पनि कम दिदैछन् । यसको अनुगमन हुदैन ?

सार्वजनिक सेवा वा निजी क्षेत्रले श्रमिक काममा लगाउन नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक र सेवा सुविधा भन्दा कम हुनेगरी विज्ञापन आह्वान नगर्न रोजगारदातालाई श्रम तथा व्यवसायजन्य विभागले निर्देशन दिएको छ । यसको कार्यान्वयन भए/नभएको अनुगमन गर्न श्रम तथा व्यवसायजन्य विभागको संयोजकत्वमा रोजगारदाता र ट्रेड युनियन महासंघको तर्फबाट एक/एक जना प्रतिनिधी रहनेगरी समिति गठन भएको छ ।

स्रोत: https://moless.gov.np/?p=3668#post/0



स्थानीय तहमा बजेट अभावका कारण सिमित बेरोजगारले मात्र रोजगार पाउने अवस्था छ नी ।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई न्युनतम रोजगारीमा खटिने बेरोजगार व्यक्तिको सूचीको विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा राख्ने समयावधी २०७७ असोज २० गते सम्मका लागि थप गरेको छ । यसरी सो समयावधी भित्र प्राप्त भएका बेरोजगार व्यक्तिको संख्याको आधारमा सम्बन्धित पालिकालाई चालु आ.व.२०७७/७८ को थप रकम पठाउने मन्त्रालयले बताएको छ ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2108

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19** को बारेमा बुझ्न निःशुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,३१,३५९ | १,०१,२९९ | ६७,०१४ | १,२४,१७५ | ८८,५३२ | ९५,९०७ | १०,५७६ | २३,३४१ |
| नेपाली संक्रमित | १८७५ | १६५० | ४५१ | २२,५०० | २४०० | ४५ | ८१ | २ |
| मृत्यु भएका नेपाली | ११ | ७ | ३ | १६ | ३० | १ | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## खाडिका समाचार

- अब दुबईले जस्तै सारजाह ले पनि पर्यटकको लागि आफ्नो क्षेत्र खुला गरेको छ भने, सारजाहको भिषा हुनेहरुले अब यहाँ फर्किनको लागि कुनै स्वीकृती लिन नपर्ने भनिएको छ । तर ९६ घण्टा भन्दा कमको PCR Negative Report चहिने लगायतका अरु नियम भने यथावत नै छन् । सारजाह फर्किनु पर्ने श्रमिकले एयर अरेबिया एयरलाईन्सलाई सम्पर्क गरेर ICA चाहिने या नचाहीने भन्ने बुझेर आफ्नो टिकेट लिन सक्नेछन् । नेपालबाट सारजाहको लागी उडान हुने एउटा मात्र एयर कम्पनी एयर अरेबिया हो ।





- अब खाडिमा नियमित उडान हुने भन्ने कुरा हल्ला मात्र हो । तर, केही उडानहरु चाहीँ अहिले साउदी अरब र यूएईको लागी थप गरीएको र अरु उडान थप गरीने भन्ने जानकारी छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००


अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा

खर्च भएको रकम



# कोरोना मुक्त भएकी ७२ बर्षिया बृद्धाको अनुभव - दिर्घरोग भएपनि आत्तिनु हुदैन



रुपन्देहीको मणिग्रामकी ७२ बर्षिया खिमकला नेपाल श्वासप्रश्वास, मुटु र मधुमेहकी दिर्घरोगी हुनुहुन्छ । पछिल्लोपटक भरतपुर क्यान्सर अस्पतालले उहाँको पाठेघरमा क्यान्सर भएको पुष्टि गऱ्यो । ३२ बर्षदेखि मुटुको औषधी सेवन गरिरहेकी खिमकलालाई क्यान्सर पुष्टि भएपछि उपचारको लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा लगियो । त्यहाँ भर्ना भएर १५/१६ दिन उपचार गराउनुभयो । सुगर नघेटका कारण उहाँको पाठेघरको अप्रेसन हुन सकेन । शिक्षण अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीहरुमा समेत कोरोनाको संक्रमण बढेको, सुगर नियन्त्रणमा नआएकोले घरमै गएर आराम गर्न र अवस्थामा सुधार आएपछि शल्यक्रिया गर्न चिकित्सकले सुझाव दिए । सोही अनुसार उहाँ काठमाण्डौमा रहनु भएका छोरासँग घरमै बस्नु भयो ।

घरमा बसिरहेको बेला उहाँमा रुघाखोकी, ज्वरो र ज्यान चसक चसक दुख्ने लक्षण देखिन थाल्यो । त्यसपछि उहाँ लगायत परिवारका अन्य सबै सदस्यको कोरोना परीक्षण गर्दा पिसिआर रिर्पोट पोजेटिभ आयो । उहाँको स्वास्थ्य अवस्थालाई ख्याल राखेर तुरुन्तै पाटन अस्पताल लगियो । परिवारका अन्य सदस्यहरु होम आइसोलेशनमा बसे । एकजना छोरी भने आमालाई कुर्नका लागि अस्पताल जानुभयो । मुटुरोग, सुगर, क्यान्सरसँगै उमेर बढी भएकाले कोरोना संक्रमण देखिएपछि परिवारका अन्य सदस्यहरुमा चिन्ता थपियो । तर, संक्रमित खिमकलाले हिम्मत हार्नुभएन । कोरोनालाई जसरी पनि जित्नुछ भनेर भगवानसँग प्रार्थना गर्नुभयो, जप गर्नुभयो, दिएको कुरा खान्न भन्नुभएन । जीउ चसक चसक दुख्ने, रुघाखोकी लाग्ने, सामान्य ज्वरो आउनु बाहेक उहाँमा अन्य जटिल लक्ष्यण देखिएन । ११ दिन पाटन अस्पतालको बसाईपछि गरिएको पिसिआर परीक्षणको रिर्पोट नेगेटिभ आयो । उहाँको परिवारका अन्य सदस्यहरुको रिर्पोट पनि नेगेटिभ आयो । कोरोनालाई परास्त गरे भन्दै खिमकला खुशी हुनुभयो । परिवारका सदस्यहरु पनि प्रफुल्लीत भए । अस्पतालको बसाईमा आफुलाई स्वास्थकर्मीहरुले फरक व्यवहार नगरेको उहाँको अनुभव छ ।

१४ दिन अस्पताल बसेर उहाँ आफ्नै घर मणिग्राम पुग्नु भएको छ । कोरोना लाग्ने बितिकै मरिन्छ भन्ने सुनेकी खिमकला अहिले कोरोना निको हुन्छ, लागेपनि डराउनु पर्दैन भन्दै अनुभव बाँडीरहनु भएको छ । उहाँ अरुको घरमा त जानु भएको छैन, तर छिमेकीहरु भने स्वास्थ्यलाभ गरेर फर्किएको भन्दै भेट्न आउने गरेका छन । हिम्मत हार्नुहुदैन, आत्तिनु हुदैन, पोषिला खानेकुरा खानुपर्दछ, ध्यान, जप, योग गर्नुपर्दछ भनेर अरुलाई ढाडस दिईरहनु भएको छ ।"मुटुको रोगी छु । फुर्तिफार्ति त मेरो छैन, तर मुटुरोग, सुगर, क्यान्सर जस्ता रोग भएरपनि कोरोनालाई जितिन्छ भन्ने उदाहरण म हुँ ।" संक्रमणमुक्त खिमकला बताउनुहुन्छ ।

# फ्रन्टलाईनर्स भोईसेस



## डा. रचना नकर्मी

अपरेसन एण्ड क्वालिटी एसोरेन्स् मेनेजर
उपेन्द्र देबकोटा मेमोरियल नेश्नल ईन्स्टीच्युट अफ न्युरोलोजिकल एण्ड अलाईड साईन्स्

"सुरुमा त भाईरसले हामीलाई मानसिक रुपमा बढी नै त्रसित बनायो । त्यस बेला हामीलाई न त यसको सामना कसरी गर्ने भनेर थाहा थियो, न त हामीले केही तयारी नै गरेका थियौं । अस्पतालमै काम गर्नुपर्ने भएकोले सेवाग्राही सिधै सेवा लिन आउँछन् । अहिले हामी उचित सावधानीका साथ सेवा प्रवाह गर्न सक्षम भएकाछौं । हरेक दिन हामी १/२ जना संक्रमित देखिरहेकै हुन्छौं । त्यो देख्दा डर लाग्छ । तर, हामी आफै डराएर कर्तव्यबाट पछी हट्न मिल्दैन । हामी विरामीलाई विश्वस्त पार्न सधै प्रयास गरिरहेका हुन्छौं ।"

## राम बहादुर चन्द

स्वास्थ्य शाखा प्रमुख, नेपालगन्ज उपमहानगरपालिका



"कोरोनाको सुरुवाती दिन देखि अग्रपंक्तीमा रहि काम गरिरहदा संक्रमित नभएको म, समाजले आफुलाई सहज रुपमा नलिदा र आफ्नै परिवार संगसंगै बस्न नमिल्दाको पिडा छुट्टै छ । त्यसमाथी, आज समुदायबाट संक्रमित बन्न पुग्दा सारै दुख लागेको छ । कयौं दिन रात नभनि समुदायलाई कोरोनाबाट बचाउन गरेको प्रयास र स्थानीयले देखाएको धैर्यता आज ब्यर्थै गइरहेको देख्दा बढी दुख लागेको छ । भारतबाट फर्किएका श्रमिक मध्ये पहिलो पटक १८१ जनाको च्म्त परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आयो । त्यिसपछी सबैलाई घर पठाइयो । त्यही कारणले आज कोरोना समुदायमा फैलिरहेको जस्तो लाग्छ ।"



## अदिती शर्मा


ल्याब टेक्निसियन, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, रुपन्देही

"आजभोलि संक्रमण बढेसँगै दैनिक परीक्षणको लागि नमुना आउने क्रम पनि बढेको छ । पोजेटिभ केस पनि बढ्दै गएकोले परीक्षण पनि धेरै गर्नुपर्दछ । तर, परिक्षणको लागि आवश्यक पर्ने किट प्रयाप्त नहुनु, जनशक्ति कम हुनु, रुपन्देही जस्तो गर्मि स्थानमा पी.पी.ई. संगै ३/४ ओटा पन्जा लगाउनुपर्ने, पटक पटक सेनिटाईजरको प्रयोग गरि कार्य गर्नु पर्ने, आफुसंगै काम गर्ने साथीलाई संक्रमण देखिए पछि उसको काम पनि हामी माथि थपिने जस्ता चुनौतीहरु हाम्रा सामु छन् । मेडिकल फिल्डमा काम गर्छु भन्ने उदेश्य साथ आगाडी बढेकोले अप्ठेरोबाट पछि नहटने अठोटले आगाडी बढेको छुँ ।"

# नेपालमा कोभिड - १९ का सकृय संक्रमित बढी भएका ठाउँहरु

सही सूचना

## नेपालका बढी सकृय संक्रमित बढी भएका जिल्लाहरु




माथीको ग्राफमा कोभिड - १९ का सकृय संक्रमितको संख्या बढी भएका नेपालका १० जिल्लालाई प्रस्तुत गरिएको छ । यि जिल्लाहरुको मात्र जम्मा सकृय संक्रमितको संख्या, देशभरीका कुल सकृय संक्रमित मध्ये तिन चौथाई रहेको छ भने, कुल संख्याको आधा संख्या काठमाण्डौ उपत्यकाका तिन जिल्लामा मात्र रहेको छ । काठमाण्डौ जिल्ला लगातार कोभिड - १९ को केन्द्रबिन्दुको रुपमा अगाडी रहेको छ र यो संख्या दिनानुदिन बढिरहेको छ । काठमाण्डौ लगायतका यि ठाउँहरुमा संक्रमणको दर हेर्दा नेपाल सरकार र स्थानीय निकायले रोकथामको लागि तत्काल कदम चाल्न जरुरी छ । यदि समयमै ध्यान दिईएन भने अवस्था भयावह हुन सक्छ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs